# मिति २०७८ जेठ ९ गतेको ६१ औं कार्यपालिका बैठकका निर्णयहरु :

प्रस्तावहरु :

१. PCR ल्याव सञ्चालनार्थ नगरपालिकाले व्यहोर्नु पर्ने लागत सम्बन्धमा ।

२. मनसुनजन्य विपदले क्षती पुऱ्याएका नीजि आवासको पुनर्निर्माण, प्रवलीकरण वा पुनर्स्थापना सम्बन्धमा ।

३. एम्बुलेन्स खरिद सम्बन्धमा ।

४. सवारी साधन खरिद सम्बन्धमा

निर्णयहरु,

१. जिल्लामा PRC मेसिन सञ्चालन तथा व्यवस्थापनका लागि मिति २०७८ जेठ ६ गतेको विपद् व्यवस्थापन समितिको निर्णय अनुसार जिल्लाका सबै पालिकाबाट लागत साझेदारी गरिने गरी निर्णय भए अनुसार पहिलो चरणमा ६० प्रतिशतले हुन आउने रु ६ लाख रकम कोभिड १९ रोकथाम नियन्त्रण र रोकथाम कोषबाट जिल्ला विपद व्यवस्थापन समितिको खातामा जम्मा गर्ने।

२. मनसुनजन्य विपद प्रभावित नीजि आवास निर्माण, पुनर्स्थापना तथा प्रवलीकरणका लागि सूचीकृत लाभग्राहीहरुको विषयमा विस्तृत छानविन गरी कार्यपालिका बैठकमा सिफारिस गर्न देहायको समिति गठन गर्ने र समितिले कार्यविधि बमोजिम आवश्यक छानविन गरी ३ (तीन) दिनभित्र प्रतिवेदन पेश गर्ने ।

क) श्री वीरबहादुर रावल - संयोजक

ख) श्री जीत नेपाली - सदस्य

ग) श्री धनमती वि.क. - सदस्य

समितिलाई आवश्यक प्रशासनिक तथा प्राविधिक सहयोग नगरपालिकाबाट गर्नुपर्ने ।

३. जिल्ला विपद व्यवस्थापन समितिको सिफारिसमा सुदूरपश्चिम प्रदेश सरकारबाट रु १० लाख बजेट व्यवस्था भइसकेकोले प्रचलित कानून बमोजिम एम्बुलेन्स खरिद प्रकृया अगाढी बढाउने ।

२०७८।४।०३

प्रमुख प्रशासकीय अधिकृत

प्रतिलिपि

२०७८।४।०३

प्रमुख प्रशासकीय अधिकृत

४. नगरपालिकाका लागि अनुगमन लगायतका कार्यका लागि औषतमा मासिक ५० हजारका दरले गाडी भाडामा लिँदा वर्षेनी ठूलो अंक बरावरको रकम गाडी भाडामा मात्रै खर्च हुने र यसले कार्यालयको कामलाई प्रभावकारी बनाउन नसकेको कतिपय अवस्थामा गाडी भाडामा पाउन पनि समस्या रहदै आएको छ। छिटो छरितो सेवा प्रवाह एवं चुस्त दुरुस्त अनुगमन तथा निरक्षणको लागि पनि सवारी साधनको जरुरत रहेको हुँदा मासिक र बार्षिक रुपमा सम्झौता गरी भाडामा लिनु भन्दा यस आर्थिक वर्षको अन्त्यमा वचत हुन जाने रकमबाट उपयुक्त मूल्यको (पहाडी बाटोमा चल्नसक्ने 4WD) सवारी साधन खरिद गर्न स्वीकृतिका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई अनुरोध गर्ने र अनुमती प्राप्त पश्चात खरिदका लागि प्रकृया प्रारम्भ गर्ने।

**थप प्रस्ताव तथा निर्णयहरु,**

१. यस नगरपालिकालाई कार्यक्षेत्र बनाई नगरपालिकासंग सहकार्य गर्ने विभिन्न संघ संस्थाहरुले चालु आर्थिक वर्षमा सञ्चालन गर्ने कार्यक्रम मध्येमा कोभिड १९ रोकथाम, उपचार एवं नियन्त्रण गर्नमा सहायक सिध्द हुने प्रकृतिमा खर्च गर्न सकिने सम्भावना र आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम नगरसभा अगावै हुने विषयगत समिति समक्ष पेश गर्न अनुरोध गर्ने निर्णय गरियो।

२. नगरपालिकाले कोभिड १९ रोकथाम, उपचार र नियन्त्रणका विषयमा कार्यपालिका बैठकमा जानकारी गराइयो। हालको तयारी तथा व्यवस्थापन अझ सक्रिय र प्रभावकारी बनाउन सबै पक्षको समन्वय र सहकार्यमा अगाढी बढाउने निर्णय गरियो।

३. साँफे मार्तडी सडक खण्ड अन्तरगत बुढीगंगा नगरपालिका बाजुराको दवारी क्षेत्रमा नियमित पहिरो आई सडक अवरुद्व भइरहदाँ कोभिड १९ को उपचार, रोकथाम र नियन्त्रण कार्य निकै प्रभावित हुने भएकोले वैकल्पीक मार्गका रुपमा प्रयोग हुनसक्ने मार्तडी-भौनेरा-आटीचौर-थामलेक सडक खण्ड अन्तरगत बडीमालिका नगरपालिका वडा नं ९ को ठुलीसाँघु र वडा नं २ को भौनेरामा पुलको व्यवस्था गर्नुपर्ने भएकोले तत्काल वैकल्पीक (वेलिब्रीज) व्यवस्थाका लागि प्रदेश सरकार र संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

४. छैठौं नगरसभाबाट स्वीकृत देहायका योजनाहरु कोभिड १९ को सङ्क्रमणका कारण कार्यान्वय हुन नसक्ने वडा तथा नगरस्तरिय कार्यक्रम तथा योजनाहरु चालु खर्च शीर्षकबाट रकमान्तर गरी कोभिड १९ रोकथाम, उपचार र नियन्त्रण कोषमा रकमान्तर गर्ने नवौं नगरसभामा अनुमोदनका लागि पेश गर्ने निर्णय गरियो।

प्रतिलिपि